# आर्थिक गतिविधि अध्ययन

(काठमाण्डौ, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा,
सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी क्षेत्रबाट
प्राप्त तथ्याङ्क, सूचना एवम् स्थलगत
अध्ययनमा आधारित)

## अर्ध-वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०७०/७१)


नेपाल राष्ट्र बैंक

अनुसन्धान विभाग

आर्थिक विकास शाखा

बालुवाटार, काठमाण्डौ ।



२०७१ जेठ

# अध्ययन क्षेत्र तथा विधि

नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागले यसै आर्थिक वर्ष २०७०/७१ देखि कार्यान्वयनमा ल्याएको "आर्थिक गतिविधि तथा विषेश अध्ययन मार्गदर्शन २०७०" अनुरुप अनुसन्धान विभाग, आर्थिक विकास शाखा तथा नेपाल राष्ट्र बैंकका काठमाण्डौ उपत्यका बाहिरका कार्यालयहरु (विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी) का कार्यक्षेत्र अन्तर्गतका निम्नानुसारका ४७ जिल्लाहरुको समग्र आर्थिक गतिविधि सम्बन्धी विभिन्न तथ्याङ्क एवम् सूचना र स्थलगत अध्ययनका आधारमा तयार पारिएका प्रतिवेदनहरु प्रशोधन गरी यो समष्टिगत अर्ध-वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

| **क्षेत्र** | **अध्ययनमा समेटिएका जिल्लाहरू** |
|---|---|
| काठमाण्डौ | काठमाण्डौ, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, धादिङ्ग, नुवाकोट, सिन्धुपाल्चोक, रसुवा र दोलखा |
| विराटनगर | इलाम, झापा, सुनसरी, मोरङ्ग, धनकुटा र सप्तरी |
| जनकपुर | सिराहा, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र उदयपुर |
| वीरगञ्ज | वारा, पर्सा, मकवानपुर, रौतहट र चितवन |
| पोखरा | कास्की, स्याङ्जा, गोर्खा, तनहुँ, लमजुङ, बाग्लुङ, पर्वत र म्याग्दी |
| सिद्धार्थनगर | रूपन्देही, नवलपरासी, कपिलवस्तु र पाल्पा |
| नेपालगञ्ज | बाँके, बर्दिया, दाङ र सुर्खेत |
| धनगढी | कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी र बैतडी |

# विषय-सूची


पेज नं.

**सारांश**

**परिच्छेद १ कृषि क्षेत्र** **१-५**

१.१ कृषि उपजले ढाकेको भू-क्षेत्र १

१.२ कृषि उत्पादन २

१.३ सिँचाइ सुविधा ४

१.४ क्षेत्रगत कृषि कर्जा स्थिति ४

१.५ कृषि उत्पादनको परिदृश्य ४

**परिच्छेद २ औद्योगिक क्षेत्र** **६-८**

२.१ प्रमुख उद्योगहरुको क्षमता उपयोग तथा उत्पादन स्थिति ६

२.२ क्षेत्रगत औद्योगिक कर्जा स्थिति ७

२.३ औद्योगिक उत्पादनको परिदृश्य ८

**परिच्छेद ३ सेवा क्षेत्र** **९-११**

३.१ पर्यटन उद्योग ९

३.२ घर-जग्गा कारोबार ९

३.३ वित्तीय सेवा ९

३.४ यातायात तथा संचार १०

३.५ सेवा क्षेत्रको परिदृश्य ११

**परिच्छेद ४ प्रमुख चुनौतीहरु** **१२-१३**

४.१ कृषि क्षेत्र १२

४.२ उद्योग क्षेत्र १२

४.३ सेवा क्षेत्र १३

४.४ पूर्वाधार १३

# सारांश

१. आर्थिक वर्ष २०७०/७१ को पहिलो छ महिनामा यस आर्थिक गतिविधि अध्ययनमा समेटिएका ४७ जिल्लाहरुको **कृषि क्षेत्रको समग्र अवस्था सन्तोषप्रद रहेको छ** । समीक्षा अवधिमा कृषि उपजले ढाकेको समग्र भू-क्षेत्रमा वृद्धि भएको छ । प्रमुख खाद्यान्न बालीहरुमध्ये धान, मकै, आलु लगायतको उत्पादनमा वृद्धि भएको छ भने कोदो, जौ, सनपाट, सुर्ती एवम् तेलहन तथा दाउरा र औषधिजन्य वस्तुको उत्पादनमा ह्रास आएको छ । यसैगरी, तरकारी तथा बागवानी, फलफूल तथा मसला बाली एवम् मासुजन्य उत्पादनमा समेत वृद्धि भएको देखिन्छ । समीक्षा अवधिमा प्रमुख खाद्यान्न बालीहरुमध्ये **धानको उत्पादनमा १०.० प्रतिशतले, मकैको उत्पादनमा ७.१ प्रतिशतले र आलुको उत्पादनमा ४.४ प्रतिशतले वृद्धि भएको छ भने तरकारी तथा बागवानीमा ८.१ प्रतिशतले वृद्धि भएको छ** । यस अवधिमा अध्ययन क्षेत्र अर्न्तगतका बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित **कृषि कर्जामा ७.६ प्रतिशतले वृद्धि भएको छ** ।

२. अध्ययनमा समेटिएका **उद्योगहरुले कुल उत्पादन क्षमताको औसतमा ४९.९ प्रतिशत मात्र उपयोग गरेका छन्** । समीक्षा अवधिमा भटमासको तेल, रबरजन्य वस्तु, पेय पदार्थ, फेब्रिकेटेड धातुका सामान, प्रशोधित दूध एवम् तयारी कपडाको उत्पादन बढेको छ भने अन्य खाद्य पदार्थ समूह, काठ तथा काठको सामान, कागज, प्रशोधित छाला प्लाष्टिकजन्य वस्तु आदिको उत्पादनमा ह्रास आएको छ । त्यसैगरी, समीक्षा वर्षमा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको समग्र **औद्योगिक कर्जा ९.५ प्रतिशतले वृद्धि भएको छ** ।

३. समीक्षा अवधिमा **घरजग्गा कारोबारमा केही सुधार देखिएको** छ । घर-जग्गा रजिष्ट्रेशन संख्यामा १.२ प्रतिशतले वृद्धि भएको छ भने रजिष्ट्रेशन वापतको राजस्व संकलनमा २०.० प्रतिशतले वृद्धि भएको छ ।

४. वित्तीय सेवा अन्तर्गत अध्ययनमा समेटिएका बैंक तथा वित्तीय संस्थाहरुले समीक्षा अवधिमा संकलन गरेको **कुल निक्षेप ७.४ प्रतिशतले वृद्धि** भएको छ भने **कुल कर्जा प्रवाहमा ८.३ प्रतिशतले वृद्धि भएको** छ । गत वर्षको सोही अवधिको अन्तमा ८०.१ प्रतिशत रहेको **कर्जा/निक्षेप अनुपात समीक्षा अवधिमा ७८.६ प्रतिशत रहेको** छ । बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको **कुल निक्षेपमा काठमाण्डौ क्षेत्रको अंश ६८.७ प्रतिशत रहेको छ भने कुल कर्जामा यस क्षेत्रको अंश ५८.६ प्रतिशत रहेको** छ ।

५. समीक्षा अवधिमा **दर्ता भएका कुल सवारी साधन संख्यामा १४.२ प्रतिशतले वृद्धि भएको** छ । त्यसैगरी, संचार क्षेत्र अर्न्तगत नेपाल टेलिकम, एन-सेल तथा अन्य कम्पनीहरुबाट वितरण गरिएको मोवाईल (सिडिएमए समेत) **तथा ल्याण्ड लाईन टेलिफोनको संख्यामा २०.१ प्रतिशतले वृद्धि भएको छ भने कुल वितरित ईन्टरनेट सेवामा ३५.९ प्रतिशतले वृद्धि भएको** छ ।

६. कृषि क्षेत्रमा **सिंचाई सुविधामा विस्तार नहुनु, उन्नत जातका बीउ-बिजन तथा गुणस्तरीय रासायनिक मलको सहज आपूर्ति हुन नसक्नु, कृषि औजारहरु सहज रुपमा उपलव्ध नहुनु, कृषि प्रसार सेवा कमजोर हुनु, वित्तीय पहुँच न्यून हुनु तथा लगानीको सुनिश्चितता नहुनु** जस्ता चुनौतीहरु विद्यमान रहेका छन् । साथै, उद्योग क्षेत्रमा **ऊर्जा संकटको दीर्घकालीन समाधान, औद्योगिक पूर्वाधारको विकास, लगानीमैत्री वातावरण सृजना गरी स्वदेशी तथा विदेशी लगानी आकर्षित** गर्नु प्रमुख चुनौति रहेको छ । त्यसैगरी, **वित्तीय सेवाको पहुँचमा अभिवृद्धि, वित्तीय साक्षरता अभियान, व्यवस्थित र स्तरीय पर्यटन सेवाको विकास तथा विस्तार** आदि सेवा क्षेत्रका प्रमुख चुनौतिहरु रहेका छन् ।


७. स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्क एवम् सरोकारवालाहरुसँगको छलफल तथा अन्तर्क्रियाको आधारमा आंकलन गर्दा आर्थिक वर्ष २०७०/७१ मा **मुलुकको समग्र आर्थिक अवस्था सन्तोषप्रद रहने देखिन्छ** । खासगरी, यस वर्ष मौसम अनुकूल रहेको साथै मल तथा बीउको आपूर्तिमा केही सहजता आएको कारण **समग्र कृषि क्षेत्रको उत्पादनमा सुधार हुने देखिन्छ** । बहुप्रतिक्षित संविधानसभाको चुनाव सम्पन्न भएको र जननिर्वाचित सरकार समेत गठन भइसकेको हुँदा यसबाट राजनैतिक स्थिरता कायम हुने एवम् विद्युत आपूर्ति र श्रम सम्बन्धमा केही सुधार हुने अनुमानको आधारमा **उद्योग क्षेत्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ** ।

# परिच्छेद १
# कृषि क्षेत्र

## १.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७०/७१ पहिलो ६ महिनामा प्रमुख कृषि बालीहरु (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी एवम् फलफूल तथा मसला) ले ढाकेको कुल क्षेत्रफलमा १.८ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको यसै अवधिमा यस्तो क्षेत्रफलमा १.६ प्रतिशतले ह्रास आएको थियो ।

(क) **खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा १.७ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस्तो बालीले ढाकेको क्षेत्रफल २.० प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा धान, मकै, फापर, उखु, भटमास तथा दलहन बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ भने कोदो, जौ, आलु, सनपाट, सुर्ती तथा तेलहन बालीले ढाकेको क्षेत्रफलमा ह्रास आएको छ ।




(ख) **तरकारी तथा बागवानी :** समीक्षा अवधिमा तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफलमा ३.३ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा उक्त बालीले ढाकेको क्षेत्रफलमा ०.६ प्रतिशतले वृद्धि भएको थियो ।

(ग) **फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमा १.८ प्रतिशतले वृद्धि भएको छ । यस किसिमका बालीले ढाकेको क्षेत्रफलमा गत वर्षको सोही अवधिमा पनि सोही प्रतिशतले वृद्धि भएको थियो ।

(घ) **क्षेत्रगत स्थिति :** समीक्षा अवधिमा अध्ययन क्षेत्रका आधारमा कृषि उपजले ढाकेको भू-क्षेत्रमध्ये खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल धनगढी क्षेत्रमा घटेको छ भने अन्य सबै क्षेत्रहरुमा वृद्धि भएको छ । तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल नेपालगञ्ज क्षेत्र बाहेक अन्य सबै क्षेत्रहरुमा वृद्धि भएको छ । त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफल सबै क्षेत्रहरुमा वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका १ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।


## १.२ कृषि उत्पादन

समीक्षा अवधिमा प्रमुख कृषि बालीहरु (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी एवम् फलफूल तथा मसला) को कुल उत्पादनमा ८.४ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस्ता बालीहरुको उत्पादनमा ३.३ प्रतिशतले ह्रास आएको थियो ।

**(क) खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा प्रमुख खाद्य बालीहरु मध्ये धानको उत्पादन १०.० प्रतिशतले, मकैको उत्पादन ७.१ प्रतिशतले, फापरको उत्पादन ६.२ प्रतिशतले, आलुको उत्पादन ४.४ प्रतिशतले, उखुको उत्पादन १२.६ प्रतिशतले, भटमासको उत्पादन ३.८ प्रतिशतले तथा दलहनको उत्पादन ३.३ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा उक्त बालीहरुमध्ये धान, मकै, तथा दलहनको उत्पादनमा क्रमशः ७.५ प्रतिशत, ४.८ प्रतिशत तथा १.० प्रतिशतले ह्रास आएको थियो भने फापर, उखु तथा भटमासको उत्पादन क्रमशः २.३ प्रतिशत, २.० प्रतिशत तथा २.५ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा कोदोको उत्पादनमा २.२ प्रतिशतले, जौको उत्पादनमा ०.५ प्रतिशतले, सनपाटको उत्पादनमा २.५ प्रतिशतले, सुर्तिको उत्पादनमा २२.५ प्रतिशतले तथा तेलहन बालीको उत्पादनमा ०.७ प्रतिशतले ह्रास आएको छ । गत वर्षको सोही अवधिमा उक्त बालीहरुमध्ये जौको उत्पादन २१.० प्रतिशतले वृद्धि भएको थियो भने कोदो, सनपाट तथा तेलहन बालीहरुको उत्पादनमा क्रमशः १.९ प्रतिशत, ७.६ प्रतिशत तथा २.८ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा अनुकूल मौसम तथा समयमा रासायनिक मल एवम् बीउ-बीजन उपलब्ध भएका कारण प्रमुख खाद्य बालीहरुको उत्पादनमा वृद्धि भएको हो ।

भौगोलिक आधारमा तुलना गर्दा समीक्षा अवधिमा अध्ययनले समेटेका सम्पूर्ण क्षेत्रहरुमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादनमा वृद्धि भएको छ । यस्ता बालीको उत्पादन सिद्धार्थनगर क्षेत्रमा सबैभन्दा बढी अर्थात् २०.९ प्रतिशतले वृद्धि भएको छ भने जनकपुर क्षेत्रमा सबैभन्दा कम अर्थात् ३.६ प्रतिशतले मात्र वृद्धि भएको छ । खासगरी, प्रमुख खाद्य बालीको रुपमा रहेको धान, मकै, फापर, आलु, उखु, भटमास र दलहन बालीको उत्पादनमा वृद्धि भएका कारण समीक्षा अवधिमा समग्र खाद्य तथा अन्य बालीको उत्पादनमा वृद्धि हुन गएको हो ।

**चार्ट २ : प्रमुख खाद्यान्न बालीहरुको उत्पादन स्थिति (हजार मे.टनमा)**




**(ख) तरकारी तथा बागवानी :** समीक्षा अवधिमा तरकारी तथा बागवानी समूहको उत्पादनमा ८.१ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा उक्त समूहको उत्पादन १.२ प्रतिशतले वृद्धि भएको थियो । तरकारी तथा बागवानीको बढ्दो मागसँगै आकर्षक मूल्यका कारण कृषकहरु यस खेतीतर्फ आकर्षित भएकाले खेती गरिएको क्षेत्रफलमा वृद्धि हुनुका साथै उन्नत बीउ तथा किटनाषक औषधि एवम् आधुनिक प्रविधिको प्रयोगमा भएको वृद्धिका कारण यस समूहको उत्पादनमा क्रमिक वृद्धि हुँदै आएको छ ।

क्षेत्रगत रुपमा तुलना गर्दा समीक्षा अवधिमा तरकारी तथा बागवानी समूहको समग्र उत्पादन काठमाण्डौ, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर तथा धनगढी क्षेत्रमा वृद्धि भएको छ भने नेपालगञ्ज क्षेत्रमा ह्रास आएको छ ।

(ग) **फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीको समग्र उत्पादन २.४ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादनमा १.७ प्रतिशतले वृद्धि भएको थियो । यस समूह अन्तर्गत सुन्तलाको उत्पादन ३.६ प्रतिशतले, केराको उत्पादन ३.७ प्रतिशतले, मसलाको उत्पादन ३.९ प्रतिशतले, चियाको उत्पादन ०.२ प्रतिशतले, कफीको उत्पादन ३.६ प्रतिशतले तथा अन्य फलफूलको उत्पादन २.० प्रतिशतले वृद्धि भएको छ भने आँपको उत्पादनमा ७.८ प्रतिशतले तथा स्याउको उत्पादनमा १५.२ प्रतिशतले ह्रास आएको छ । गत वर्षको सोही अवधिमा केरा, स्याउ, मसला, कफि तथा अन्य फलफूलको उत्पादनमा वृद्धि भएको थियो भने सुन्तला, आँप र चियाको उत्पादनमा ह्रास आएको थियो । आँपको उत्पादनमा चक्रीय प्रभाव हुने तथा समीक्षा अवधि कम फल लाग्ने समय परेको कारण उत्पादनमा ह्रास आएको हो भने गत वर्ष स्याउ फल्ने हिमाली क्षेत्रमा कम हिमपात भएका कारण स्याउको बोट सुकेकाले समीक्षा अवधिमा यसको उत्पादनमा गिरावट आएको हो ।

क्षेत्रगत रुपमा तुलना गर्दा समीक्षा अवधिमा फलफूल तथा मसला बालीको समग्र उत्पादन काठमाण्डौ, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा सिद्धार्थनगर, तथा धनगढी क्षेत्रमा वृद्धि भएको छ भने नेपालगञ्ज क्षेत्रमा ह्रास आएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका २ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।


(घ) **प्रमुख पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन :** समीक्षा अवधिमा दूधको उत्पादनमा ४.२ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा दूधको उत्पादनमा २.० प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा मासु उत्पादनमा सीमान्त अर्थात ०.१ प्रतिशतले वृद्धि भएको छ भने अण्डाको उत्पादनमा २२.५ प्रतिशतले ह्रास आएको छ । गत वर्षको सोही अवधिमा मासुको उत्पादनमा २.० प्रतिशतले र अण्डाको उत्पादनमा ४८.२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा मासुजन्य उत्पादनतर्फ भैसी तथा राँगाको मासु उत्पादन १.७ प्रतिशतले, खसी बोका तथा भेडाको मासु उत्पादन ३.७ प्रतिशतले र सुंगुर तथा बंगुरको मासु उत्पादन ८.६ प्रतिशतले वृद्धि भएको छ भने कुखुरा तथा हाँसको मासु उत्पादनमा ९.६ प्रतिशतले ह्रास आएको छ । समीक्षा अवधिमा माछाको उत्पादन ४.४ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा माछाको उत्पादनमा १२.४ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा अध्ययनले समेटेका क्षेत्रमा काठ र अन्य उत्पादनमा क्रमशः ८.५ प्रतिशत र ३०.४ प्रतिशतले वृद्धि भएको छ भने दाउरा र औषधिजन्य वस्तुको उत्पादनमा क्रमशः २७.४ प्रतिशत र ७६.८ प्रतिशतले ह्रास आएको छ ।

क्षेत्रगतरुपमा तुलना गर्दा दूधको उत्पादनमा नेपालगञ्ज क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ । त्यसैगरी, मासुको उत्पादनमा काठमाण्डौं र धनगढी क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ । अण्डाको उत्पादनमा काठमाण्डौ, वीरगञ्ज र धनगढी क्षेत्रमा ह्रास आएको छ भने बाँकी सबै क्षेत्रहरुमा वृद्धि भएको छ । यस अवधिमा खासगरी काठमाण्डौ क्षेत्रमा आएको बर्ड-फ्लु प्रकोपका कारण कुखुराको मासुको उत्पादनमा गिरावट आउन गई समग्र मासुको उत्पादन वृद्धिदर न्यून रहन गएको हो । सोही प्रकोपको कारण अण्डाको उत्पादनमा समेत ह्रास आएको छ । माछा उत्पादन सबै क्षेत्रमा वृद्धि भएको पाईएको छ । त्यसैगरी, वनजन्य उत्पादनतर्फ काठको उत्पादनमा पोखरा र धनगढी क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ३ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ ।

## १.३ सिँचाइ सुविधा

समीक्षा अवधिमा अध्ययनमा समेटिएका ४७ जिल्लाहरुको कुल सिंचित क्षेत्रफल ०.६ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा सिंचित क्षेत्रफलमा १.५ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा कुल खेती गरिएको क्षेत्रफलमध्ये ४०.० प्रतिशत क्षेत्रफल सिंचित रहेको पाईन्छ। कुल सिंचित क्षेत्रफलमध्ये ३४.२ प्रतिशत कुलो, ५०.९ प्रतिशत नहर, ४.४ प्रतिशत बोरिङ्ग तथा १०.५ प्रतिशत पोखरीबाट सिंचाई भएको देखिन्छ।




अध्ययन क्षेत्र अनुसार समीक्षा अवधिमा नेपालगञ्ज क्षेत्रमा कुल सिंचित क्षेत्रफलमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रहरुमा वृद्धि भएको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ४ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ।

## १.४ क्षेत्रगत कृषि कर्जा स्थिति

समीक्षा अवधिमा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कृषि कर्जा ७.६ प्रतिशतले वृद्धि भई रु. ३९ अर्ब ८३ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जामा २५.२ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा प्रवाहित कुल कृषि कर्जामध्ये सबैभन्दा बढी कर्जा अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा ३६.८ प्रतिशत अर्थात् रु. १४ अर्ब ६७ करोड रहेको छ भने सबैभन्दा न्यून सूर्ति बालीमा ०.१ प्रतिशत अर्थात् रु. ३ करोड रहेको छ।

कृषि क्षेत्रमा प्रवाहित कुल कर्जालाई क्षेत्रगत रुपमा तुलना गर्दा काठमाण्डौ क्षेत्रको अंश ३२.६ प्रतिशत, विराटनगर क्षेत्रको १५.६ प्रतिशत, जनकपुर क्षेत्रको ७.३ प्रतिशत, वीरगञ्ज क्षेत्रको १७.८ प्रतिशत, पोखरा क्षेत्रको १०.२ प्रतिशत, सिद्धार्थनगर क्षेत्रको ९.१ प्रतिशत, नेपालगञ्ज क्षेत्रको ३.६ प्रतिशत तथा धनगढी क्षेत्रको अंश ३.८ प्रतिशत रहेको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ५ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ।

## १.५ कृषि उत्पादनको परिदृश्य (Outlook)

(क) कुल खेती गरिएको क्षेत्रफलको एक तिहाईभन्दा केही बढी भू-भागमा मात्र सिंचाई सुविधा उपलब्ध रहेको एवम् निर्माणाधीन ठूला सिंचाई आयोजनाहरु सम्पन्न भै नसकेको वर्तमान अवस्थामा कृषिजन्य वस्तुको उत्पादन मूलतः मौसमी अवस्थाले निर्धारण गर्ने गरेको छ। चालु आर्थिक वर्ष २०७०/७१ को वर्षायाममा मौसम अनुकूल रहेको, हिउँदमा समेत मौसम अनुकूल नै रहेको तथा विभिन्न साना सिंचाई आयोजनाहरु

सम्पन्न हुने अनुमानका आधारमा यस वर्ष मौसमको चक्रिय प्रभाव सकारात्मक हुन गई प्रमुख खाद्य तथा अन्न बालीको उत्पादन सन्तोषप्रद रहने अनुमान गरिएको छ ।

तरकारी एवम् फलफूलको उपभोगमा भइरहेको वृद्धिका कारण बजार मागमा आएको वृद्धिले तरकारी एवम् फलफूल खेतीबाट उच्च प्रतिफल प्राप्त हुनजाने हुँदा कृषकहरु व्यवसायिक खेतीतर्फ उत्साहित भएकाले यस वर्ष यी समूहको बालीको उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ ।

(ख) सरकारीस्तरबाट कृषि तथा पशुपालन व्यवसायमा प्रदान गरिएका अनुदान तथा प्राविधिक सहयोग, पशुबीमा कार्यक्रम लगायतका कारण युवा जनशक्ति यस क्षेत्रतर्फ आकर्षित हुँदै गएकाले मासु, दूध लगायतका पशुजन्य उत्पादनमा वृद्धि हुने देखिन्छ । चालु आर्थिक वर्षको शुरुमा देखा परेको बर्ड-फ्लुको प्रकोपका कारण कुखुरा तथा अण्डाको उत्पादनमा समीक्षा अवधिमा ह्रास आएको छ । हाल यो प्रकोप नियन्त्रणमा आईसकेकोले यस वर्ष कुखुरा तथा अण्डाको उत्पादनमा वृद्धि हुन सक्ने देखिन्छ । त्यसैगरी, तराईका विभिन्न जिल्लाहरुमा संचालनमा रहेको Mission Fish कार्यक्रमबाट मत्स्यपालन व्यवसाय प्रवर्द्धन गरिएको र बढ्दो बजार माग तथा आकर्षक मूल्यका कारण आगामी दिनहरुमा माछाको उत्पादनमा थप विस्तार हुने देखिन्छ ।

# परिच्छेद २

# औद्योगिक क्षेत्र

## २.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन स्थिति

(क) समीक्षा अवधिमा सर्वेक्षणमा समेटिएका अध्ययन क्षेत्रका उद्योगहरुको औसत क्षमता उपयोग ४९.९ प्रतिशत रहेको छ । यस अवधिमा चाउचाउ उद्योगले सबैभन्दा बढी अर्थात् ८४.६ प्रतिशत उत्पादन क्षमता उपयोग गरेको पाइन्छ भने चिनी उद्योगले सबैभन्दा कम अर्थात् १०.० प्रतिशत मात्र क्षमता उपयोग गरेको छ । समीक्षा अवधिमा एकातर्फ चिनी मिलले उखुको मूल्य कम तोकेकोले किसानहरुले उखु विक्री नगर्दा यसको प्रभाव चिनी उत्पादनमा पर्न गएको हो भने अर्कोतर्फ यस अवधिमा उखु कटान भै नसकेका कारण चिनी उद्योगको क्षमता उपयोग न्यून देखिएको हो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ६ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ ।

(ख) समीक्षा अवधिमा अध्ययनले समेटेका उद्योगहरुमध्ये प्रशोधित दूध, चामल, गहुँको पिठो, बिस्कुट, चाउचाउ, प्रशोधित चिया, हल्का पेय पदार्थ, चुरोट, धागो, जुटका सामान, गार्मेन्ट, रोजिन, केही औषधिजन्य वस्तुमध्ये ड्राई सिरप र ट्युव, साबुन, ईटा, फलामे छड तथा पत्ति, जि.आई.तार, बिजुलीका सामान, टायर तथा ट्यूव एवम् जुत्ताको उत्पादनमा वृद्धि भएको छ भने वनस्पति घ्यू, पशुदाना, चिनी तथा चकलेट, मदिरा, वियर, सिन्थेटिक कपडा, पस्मिना, ज्याकेट तथा स्वेटर, प्रशोधित छाला, काठजन्य उत्पादन, कागज, अन्य औषधिजन्य वस्तु क्याप्सुल तथा लिक्विड, प्लाष्टिकका सामान, घरेलु धातुका सामान तथा अल्मुनियमको उत्पादनमा ह्रास आएको छ ।

(ग) समीक्षा अवधिमा भटमासको तेल उत्पादनमा सीमान्त वृद्धि भएतापनि वनस्पती घ्यू तथा तोरीको तेल उत्पादनमा आएको गिरावटका कारण वनस्पती घ्यू तथा तेल समूहको समग्र उत्पादनमा १.२ प्रतिशतले ह्रास आएको छ । दुग्ध पदार्थको उत्पादनमा ३.३ प्रतिशतले वृद्धि भएको छ । उन्नत जातका पशुपालनमा वृद्धि हुदै गएको र प्रशोधित दुग्धजन्य उत्पादनहरुको उपभोग प्रवृत्ति बढ्दै गएकोले दुग्ध पदार्थको उत्पादनमा वृद्धि भएको देखिन्छ । अन्न तथा पशुदाना अन्तर्गत चामल तथा गहुँको पिठोमा वृद्धि भएतापनि पशुदानाको उत्पादनमा ११ प्रतिशतले गिरावट आई समग्र उत्पादनमा ८.७ प्रतिशतले ह्रास आएको छ । बर्ड-फ्लूको कारण कुखुरा पालन व्यवसायमा कमी आएकोले कुखुराको दानाको मागमा कमी आई पशुदाना उत्पादनमा कमी आएको हो । पेय पदार्थ समूहको उत्पादनमा १३.४ प्रतिशतले वृद्धि भएको छ भने अन्य खाद्य पदार्थ समूह अन्तर्गत चिनी र चकलेटको उत्पादनमा क्रमशः ३५.९ र २३.५ प्रतिशतले कमी आई समग्र उत्पादनमा ७.५ प्रतिशतले गिरावट आएको छ । चिनी उद्योगहरु क्षमता भन्दा कममा संचालनमा रहनु र उखुको उचित मूल्य नपाएकाले किसानहरुले समयमै उखु बिक्री नगर्नुले चिनीको उत्पादनमा कमी आएको देखिन्छ । त्यसैगरी, लत्ता कपडा अर्न्तगत पश्मिना उत्पादनमा ४५.६ प्रतिशतले गिरावट आएको छ भने तयारी कपडा अर्न्तगत गार्मेन्ट उत्पादनमा ३९.२ प्रतिशतले वृद्धि भएको छ । अन्तर्राष्ट्रिय बजारमा पस्मिनाको मागमा कमी आएकोले पस्मिना उत्पादनमा कमी आएको देखिन्छ । त्यसैगरी, छाला र छालाको सामानमा १९.८ प्रतिशतले, चिरेको काठ ६४.३ प्रतिशतले, प्लाष्टिकजन्य वस्तु २२.० प्रतिशतले, घरेलु धातु र आल्मुनियम उत्पादनमा क्रमशः २१.२ र ३७.२ प्रतिशतले ह्रास आएको छ भने चाउचाउ उत्पादनमा २२.३ प्रतिशतले, प्रशोधित चिया उत्पादनमा १८.४ प्रतिशतले, ईटा उत्पादनमा १.८ प्रतिशतले, फलामको छड तथा पत्ति उत्पादनमा १५.३ प्रतिशतले, बिजुलीका तार र केबल उत्पादनमा ३४.० प्रतिशतले तथा जुत्ताको उत्पादनमा ८.९ प्रतिशतले वृद्धि भएको छ ।

(घ) क्षेत्रगत रुपमा विश्लेषण गर्दा काठमाण्डौ क्षेत्रमा मुख्यतः प्रशोधित दूध, पस्मिना, चाउचाउ, औषधिजन्य उत्पादन, जुत्ता आदिको उत्पादन हुने गरेको छ । विराटनगर क्षेत्रमा वनस्पती घ्यू तथा तेल, खाद्य पदार्थ, जुटका सामान, धातुका उपकरण, सिमेन्ट आदिको उत्पादन प्रमुख रहेको छ भने जनकपुर क्षेत्रमा चिनी, मदिरा, कागज, सिमेन्ट आदिको उत्पादन हुने गरेको छ । त्यसैगरी, वीरगञ्ज क्षेत्रमा प्रशोधित दूध,


पशुदाना, हल्का पेय पदार्थ, चुरोट, लत्ताकपडा, सिमेन्ट, प्रशोधित छाला, औषधि, फलामको छड तथा पत्ति आदि; पोखरा क्षेत्रमा विस्कुट, चाउचाउ, रवरजन्य वस्तु आदि; सिद्धार्थनगर क्षेत्रमा गहुँको पिठो, वियर, औषधि, सिमेन्ट आदि; नेपालगञ्ज क्षेत्रमा तोरीको तेल, गहुँको पिठो, सिमेन्ट आदि तथा धनगढी क्षेत्रमा गहुंको पिठो, चिरेको काठ, रोजिन लगायतका वस्तुहरुको उत्पादन हुने गरेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ७ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## २.२ क्षेत्रगत औद्योगिक कर्जा स्थिति

(क) समीक्षा अवधिमा अध्ययनमा समावेश भएका क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा ९.५ प्रतिशतले वृद्धि भई रु. ३ खर्ब ३५ अर्ब ९० करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १३.९ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा प्रवाहित कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा गएको कर्जाको अंश ३३.१ प्रतिशत रहेको छ ।

(ख) समीक्षा अवधिमा खानी सम्बन्धी शीर्षकमा प्रवाहित कर्जामा १६.० प्रतिशतले ह्रास आएको छ भने उत्पादन सम्बन्धी उद्योगमा ७.७ प्रतिशतले, निर्माण क्षेत्रमा १०.८ प्रतिशतले, विद्युत, ग्याँस तथा पानी शीर्षकमा १२.६ प्रतिशतले, धातुका उत्पादन मेसिनरी तथा इलेक्ट्रोनिक सामानमा ९.४ प्रतिशतले र पर्यटन सेवा/उद्योगमा १९.६ प्रतिशतले वृद्धि भएको छ ।




(ग) यसरी प्रवाहित कुल औद्योगिक कर्जा मध्ये उत्पादनमूलक क्षेत्रमा सबैभन्दा बढी अर्थात् ५४.५ प्रतिशत रहेको छ भने सबैभन्दा न्यून अर्थात् ०.८ प्रतिशत कर्जा खानी सम्बन्धी उद्योगमा प्रवाह भएको छ । त्यसैगरी, निर्माण सम्बन्धी उद्योगमा कुल औद्योगिक कर्जाको २७.१ प्रतिशत, पर्यटन उद्योगमा ८.० प्रतिशत, विद्युत, ग्याँस तथा पानीमा ६.१ प्रतिशत एवम् धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उद्योगमा ३.५ प्रतिशत कर्जा प्रवाह भएको छ ।

(घ) अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको कुल औद्योगिक कर्जा लगानीमा काठमाण्डौ क्षेत्रको अंश ६३.२ प्रतिशत, विराटनगर क्षेत्रको अंश ११.३ प्रतिशत, जनकपुर क्षेत्रको अंश १.३ प्रतिशत, वीरगञ्ज क्षेत्रको अंश १०.१ प्रतिशत, पोखरा क्षेत्रको अंश ५.१ प्रतिशत, सिद्धार्थनगर क्षेत्रको अंश ५.६ प्रतिशत, नेपालगञ्ज क्षेत्रको अंश २.० प्रतिशत र धनगढी क्षेत्रको अंश १.४ प्रतिशत रहेको छ । अधिकांश ठूला बैंक तथा वित्तीय संस्थाका केन्द्रीय कार्यालय काठमाण्डौ क्षेत्रमा रहनु र ठूलो कर्जा लगानी सम्बन्धी अधिकार प्रायः केन्द्रीय कार्यालयहरुमै रहनुले कुल कर्जामा काठमाण्डौ क्षेत्रको अंश उच्च देखिएको हो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ८ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## २.३ औद्योगिक उत्पादनको परिदृश्य (Outlook)

(क) उपभोक्ताहरुमा दूध र प्रशोधित दुग्धजन्य उत्पादनको उपभोग गर्ने प्रवृत्तिको विकास भएकोले यसबाट प्रशोधित दुग्ध पदार्थको उत्पादनमा सकारात्मक प्रभाव पर्ने देखिन्छ । समीक्षा अवधिमा उखुको मूल्य निर्धारणमा समस्या देखिएको एवम् चिनी मिलहरु क्षमता भन्दा कममा संचालनमा रहेकाले चिनी उत्पादनमा ह्रास आएको भएतापनि चिनीको उच्च बजार माग रहेको हुँदा चिनी मिल एवं उखु किसानहरु बीच सहमति हुन सकेमा आगामी दिनमा चिनीको उत्पादनमा सुधार आउने देखिन्छ । सर्वसाधारणको उपभोग प्रवृत्तिमा आएको सकारात्मक परिवर्तनसंगै मागमा वृद्धि भएको कारण चाउचाउ तथा हल्का पेयपदार्थजन्य बस्तुहरु उत्पादन गर्ने उद्योगहरुको क्षमता विस्तार हुनगई उत्पादनमा सकरात्मक प्रभाव पर्न जाने देखिन्छ । अन्तर्राष्ट्रिय बजारमा अर्गानिक र अन्य चियाको मागमा भएको वृद्धिका साथै देशभित्रका उपभोक्ताहरुको समेत चिया उपभोग गर्ने प्रवृत्तिमा वृद्धि भएकोले प्रशोधित चियाको उत्पादनमा समेत बिस्तार हुने देखिन्छ । त्यसैगरी, बजार मागमा वृद्धि भएतापनि आवश्यक कच्चा पदार्थको अभावमा समग्र तेल उत्पादनमा ह्रास आउने संभावना देखिन्छ । चालु आर्थिक वर्ष कृषि उत्पादनमा हुने सुधारको अनुमानसंगै धानको उत्पादनमा वृद्धि हुने अनुमानको आधारमा चामलको उत्पादन बढ्ने देखिन्छ ।

(ख) गुणस्तरको कारणले अन्तर्राष्ट्रिय बजारमा पस्मिनाको मागमा कमी आएकोले पस्मिना उत्पादनमा कमी आउने देखिन्छ । साथै आवश्यक कच्चा पदार्थको अभावमा छाला र छालाजन्य सामानको उत्पादनमा समेत न्यूनता आउने संभावना देखिन्छ । त्यसैगरी, उत्पादनको तुलनामा उच्च माग रहेको, यथेष्ट मात्रामा देशमा कच्चा पदार्थ रहेको, विकास निर्माण कार्यले गति लिईरहेको, नेपाली सिमेन्ट भारतमा समेत निकासी हुन थालेको र विदेशी लगानीमा नयाँ उद्योगहरु स्थापना हुने क्रम समेत रहेकाले आगामी दिनमा सिमेन्टको उत्पादनमा वृद्धि हुने देखिन्छ । साथै, विकास निर्माणमा भईरहेको वृद्धिसँगै ईट्टा, फलामको छड तथा पत्ति, बिजुलीको तार र केबल उत्पादनमा समेत थप वृद्धि हुन जाने संभावना देखिन्छ ।

(ग) जुत्ताको स्वदेशी एवम् वाह्य मागको वृद्धिसंगै उत्पादित वस्तुहरुको गुणस्तर एवम् प्रतिस्पर्धात्मक क्षमतामा भइरहेको सुधारका कारण जुत्ता उत्पादनमा थप वृद्धि हुने संभावना देखिन्छ । त्यसैगरी, स्वदेशी औषधिको खपतमा भईरहेको वृद्धिको परिणामस्वरुप थप औषधि उद्योगहरु स्थापना हुंदै गएकोले औषधिजन्य वस्तुको उत्पादनमा वृद्धि हुने देखिन्छ ।

# परिच्छेद ३
# सेवा क्षेत्र

## ३.१ पर्यटन उद्योग

समीक्षा अवधिमा अध्ययनमा समेटिएका जिल्लाहरुमा पर्यटक स्तरीय होटलको संख्या ५.४ प्रतिशतले वृद्धि भई १ हजार २ सय ८१ पुगेको छ भने होटल शैया संख्या ४.७ प्रतिशतले वृद्धि भई ३६ हजार २ सय १२ पुगेको छ । गत वर्षको सोही अवधिमा सो संख्यामा क्रमशः ८.२ प्रतिशत र ७.७ प्रतिशतले वृद्धि भएको थियो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ९ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ ।

## ३.२ घर-जग्गा कारोबार

(क) समीक्षा अवधिमा समग्र घर-जग्गा रजिष्ट्रेशन संख्यामा १.२ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा सो संख्यामा ९.६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा घर-जग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलनमा २०.० प्रतिशतले वृद्धि भई रु. ३ अर्ब १८ करोड ४२ लाख कायम भएको छ । गत वर्षको सोही अवधिमा यस्तो राजस्व संकलनमा ३०.५ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्यामा ८.८ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस्तो संख्यामा ०.६ प्रतिशतले ह्रास आएको थियो ।

(ख) समीक्षा अवधिमा घर-जग्गा रजिष्ट्रेशन संख्यालाई क्षेत्रगत रुपमा विश्लेषण गर्दा काठमाण्डौ क्षेत्रमा ७.१ प्रतिशतले, जनकपुर क्षेत्रमा १८.७ प्रतिशतले, वीरगञ्ज क्षेत्रमा ११.४ प्रतिशतले, पोखरा क्षेत्रमा ५.६ प्रतिशतले र सिद्धार्थनगर क्षेत्रमा ३.१ प्रतिशतले वृद्धि भएको छ भने विराटनगर क्षेत्रमा १०.६ प्रतिशतले, नेपालगञ्ज क्षेत्रमा १३.८ प्रतिशतले तथा धनगढी क्षेत्रमा २.६ प्रतिशतले गिरावट आएको छ । त्यसैगरी, घर-जग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलन भने सबै क्षेत्रमा वृद्धि भएको छ जसमध्ये नेपालगञ्ज क्षेत्रमा सबैभन्दा बढी अर्थात् ६३.५ प्रतिशतले र बिराटनगर क्षेत्रमा सबैभन्दा कम अर्थात् २.३ प्रतिशतले वृद्धि भएको छ । घरजग्गा मूल्याङ्कनमा भएको वृद्धिको कारण रजिष्ट्रेशन वापतको राजस्व शुल्क बढ्न गएको हुंदा राजस्व संकलनमा वृद्धि देखिएको हो । समीक्षा अवधिमा घर/भवन नक्शा पास संख्यालाई क्षेत्रगत रुपमा विश्लेषण गर्दा काठमाडौ, पोखरा, धनगढी क्षेत्रमा यस्तो संख्यामा वृद्धि भएको छ भने अन्य क्षेत्रमा यस्तो संख्यामा ह्रास आएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका १० (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।


## ३.३ वित्तीय सेवा

(क) अध्ययन क्षेत्रमा समेटिएका ४७ जिल्लामा वाणिज्य बैंकका १३८५, विकास बैंकका ७४५, वित्त कम्पनीका २४० तथा लघुवित्त विकास बैंकका ६७४ गरी जम्मा ३०४४ वटा शाखाहरु सञ्चालनमा छन् । यसमध्ये काठमाण्डौ क्षेत्रमा सबैभन्दा बढी अर्थात् ८९५ वटा तथा धनगढी क्षेत्रमा सबैभन्दा कम अर्थात् १४१ वटा शाखाहरु सञ्चालनमा रहेका छन् ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ११ मा दिइएको छ ।

(ख) समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेप ७.४ प्रतिशतले वृद्धि भई रु. १२ खर्ब ९० अर्ब ३६ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप ६.३ प्रतिशतले वृद्धि भएको थियो । अध्ययन क्षेत्रभित्र बैंकिङ्ग सेवामा भएको विस्तार, सर्वसाधारणहरुमा वृद्धि हुँदै गएको वित्तीय साक्षरता तथा रेमिट्यान्स आप्रवाहमा आएको वृद्धि लगायतका कारण निक्षेप सङ्कलनमा वृद्धि भएको हो ।

चार्ट : ५ समग्र निक्षेप तथा कर्जा स्थिति (रु. अर्बमा)




(ग) समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा ८.३ प्रतिशतले वृद्धि भई रु. १० खर्ब १४ अर्ब १६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा प्रवाहमा १२.९ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिको अन्तमा कर्जा निक्षेप अनुपात ७८.६ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ८०.१ प्रतिशत रहेको थियो।

(घ) समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेपमा काठमाण्डौ क्षेत्रको अंश ६८.७ प्रतिशत रहेको छ भने काठमाण्डौ उपत्यका बाहिरका क्षेत्रहरुमध्ये सबैभन्दा बढी अंश पोखरा क्षेत्रको ७.९ प्रतिशत तथा सबैभन्दा कम अंश धनगढी क्षेत्रको १.५ प्रतिशत रहेको छ। अध्ययन क्षेत्र अन्तर्गत तथ्यांङ्कमा समेटिएका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा काठमाण्डौ क्षेत्रको अंश ५८.६ प्रतिशत रहेको छ भने काठमाण्डौ उपत्यका बाहिरका क्षेत्रहरुमध्ये सबैभन्दा बढी अंश विराटनगर क्षेत्रको १०.३ प्रतिशत तथा सबैभन्दा कम जनकपुर क्षेत्रको अंश २.३ प्रतिशत रहेको छ।

निक्षेप तथा कर्जा सम्बन्धी विस्तृत विवरण तालिका १२ मा प्रस्तुत गरिएको छ।

## ३.४ यातायात तथा संचार

(क) समीक्षा अवधिमा अध्ययन क्षेत्र अर्न्तगत रहेका अञ्चल यातायात कार्यालयहरुबाट प्राप्त तथ्याङ्कको आधारमा दर्ता भएका कुल सवारी साधन संख्यामा अघिल्लो वर्षको तुलनामा १४.२ प्रतिशतले वृद्धि भएको देखिन्छ, जसमध्ये मोटरसाईकलको संख्या १५.८ प्रतिशतले तथा अन्य सवारी साधनको संख्या ८.९ प्रतिशतले बढेको छ।

यस सम्बन्धी विवरण तालिका १८ मा दिइएको छ।

(ख) समीक्षा अवधिमा नेपाल टेलिकम, एन-सेल तथा अन्य कम्पनीहरुबाट वितरण गरिएको मोवाईल ( सिडिएमए समेत) तथा ल्याण्ड लाईन टेलिफोनको संख्यामा २०.१ प्रतिशतले वृद्धि भई २ करोड २७ लाख ४९ हजार ५ सय १३ पुगेको छ भने कुल वितरित ईन्टरनेट सेवा ३५.९ प्रतिशतले वृद्धि भई ७८ लाख ९२ हजार ५ सय ८३ पुगेको छ। त्यसैगरी, २०६८ को राष्ट्रिय जनगणनालाई आधार मान्दा समीक्षा अवधिमा ८५.९ प्रतिशत नेपालीहरुमा टेलिफोनको पहुँच पुगेको देखिन्छ भने ईन्टरनेटको पहुँच २९.८ प्रतिशत जनसंख्यामा पुगेको छ।

यस सम्बन्धी विवरण तालिका २१ मा प्रस्तुत गरिएको छ।

## ३.५ सेवा क्षेत्रको परिदृश्य

(क) पर्यटकीय होटल तथा रेष्टुरन्टको संख्यामा बृद्धि भएको एवम् सेवा तथा सुविधाको गुणस्तरमा क्रमिक सुधार भएको साथै देशमा सम्पन्न संविधानसभाको निर्वाचनले राजनैतिक स्थिरता ल्याउने अवस्था रहेको कारण आगामी अवधिमा पर्यटक आगमनमा सुधार हुनसक्ने देखिन्छ ।

(ख) केही समयदेखि बैकिङ्ग क्षेत्रमा अधिक तरलताको स्थिति विद्यमान रहेको र सोको फलस्वरुप ब्याजदरमा समेत क्रमिक गिरावट आइरहेको कारण केही वर्षदेखि शिथिल रहेको घर-जग्गा कारोबारमा क्रमिक सुधार हुने क्रम देखिएकोले चालु आर्थिक वर्षमा घर-जग्गा राजस्व, रजिष्ट्रेशन एवम् नक्सा पास संख्यामा थप वृद्धि हुने देखिन्छ ।

(ग) दुर्गम तथा पहाडी क्षेत्रहरुमा बैंक तथा वित्तीय संस्थाहरुले उपस्थिति बढाउँदै लगेको एवम् नेपाल राष्ट्र बैंकले संचालन गरेको वित्तीय साक्षरता अभियानका कारण ग्रामीण क्षेत्रमा वित्तीय पहुँच अभिवृद्धि हुने देखिन्छ । साथै, हाल बैकिङ्ग क्षेत्रमा पर्याप्त तरलता रहेका कारण उत्पादनशील क्षेत्रतर्फको कर्जा प्रवाहमा समेत यसको सकरात्मक प्रभाव पर्न सक्ने देखिन्छ ।

# परिच्छेद ४

# प्रमुख चुनौतीहरू

## ४.१ कृषि क्षेत्र

- मुलुकको भौगोलिक विविधता तथा जलवायु परिवर्तनलाई समेत ध्यानमा राखी उन्नत जातका बीउ-बिजन उपलब्ध गराउने, गुणस्तरयुक्त रासायनिक मलको आपूर्ति एवम् प्रयोग बढाउने, रोगव्याधी एवम् अन्य कारणले उत्पादनमा पर्नसक्ने चक्रीय प्रभावलाई न्यूनिकरण गर्ने, कृषि औजारहरु सर्वसुलभ रुपमा उपलब्ध गराउने, कृषि प्रसार सेवा तथा वित्तीय पहुँच विस्तार गर्ने एवम् लगानीको सुनिश्चितता गर्ने जस्ता चुनौतीहरु कृषि क्षेत्रमा विद्यमान रहेका छन् ।

- धेरैजसो कृषियोग्य भू-भाग मनसुनी वर्षामा निर्भर रहने गरेको, कृषि योग्य भू-भाग सिंचित गर्नका लागि प्रयोगमा रहेका विभिन्न सिंचाई आयोजनाहरुको विकास, विस्तार एवम् उचित मर्मत-सम्भार समुचित रुपमा हुन नसक्दा कृषकहरुलाई भरपर्दो रुपमा सिंचाई सुविधा उपलब्ध हुन सकेको छैन भने निर्माणाधीन सिंचाई आयोजनाहरुको निर्माण कार्य समयमै सम्पन्न हुन नसकेको अवस्था छ ।

- विद्यमान बाली तथा पशुपंक्षी बीमाको कार्यान्वयन प्रकृयालाई थप सरल एवम् सहज बनाई प्रभावकारी रुपमा लागू गर्ने, उन्नत पशुपालन सम्बन्धी तालिम प्रदान गर्ने तथा आधुनिक पशु प्रजनन केन्द्र विस्तार गर्ने कार्यहरु प्रभावकारी रुपमा अघि बढाउनुपर्ने चुनौती छ ।

- कृषि उत्पादनको भण्डारण गर्न आधुनिक गोदाम घरको व्यवस्था गर्ने तथा कृषि उपजहरुको न्यूनतम बजार मूल्य निर्धारण गरी कृषकहरुलाई आफ्नो उत्पादनको उचित मूल्य प्रदान गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

- वैदेशिक रोजगारमा जाने बढ्दो प्रवृत्ति एवम् श्रम स्थानान्तरण लगायतका कारण कृषि क्षेत्रमा देखा परेको श्रमशक्तिको अभाव तथा ज्यालादरको उच्च वृद्धिका कारण खेतीयोग्य जमीन बाँझो छोड्ने प्रवृत्ति बढ्दो छ । यसलाई निरुत्साहित गर्न कृषि क्षेत्रलाई व्यवसायीकरण गर्दै युवा जनशक्तिलाई यस क्षेत्रमा आकर्षित गर्नु आवश्यक छ ।

- भारतले कृषिमा प्रदान गर्दै आएको अनुदान तथा ब्याज सहुलियत लगायतका कारण नेपाल भित्रिने कृषि उपजसँग नेपाली उत्पादनले प्रतिस्पर्धा गर्न नसक्ने अवस्था रहेको छ । यस क्षेत्रमा थप अनुदान तथा सहुलियतहरु उपलब्ध गराई प्रतिस्पर्धात्मक बनाउनु पर्ने देखिन्छ ।

## ४.२ उद्योग क्षेत्र

- उर्जा संकट, ढुवानीमा रहेको सिण्डिकेट लगायत अन्य संरचनागत अवरोधका कारण उद्योगहरुको क्षमता उपयोग न्यून हुन गई प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न सकिएको छैन । तसर्थ, उल्लिखित समस्याहरुको तत्काल समाधान गरी औद्योगिक वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु आवश्यक छ ।

- ठूलो संख्यामा युवा जनशक्ति वैदेशिक रोजगारीमा पलायन हुने गरेकोले श्रम शक्तिको अभाव सृजना हुन गई औद्योगिक क्षेत्र भारतीय श्रमिकहरुमा निर्भर रहनुपर्ने अवस्था रहेको छ । यसको न्यूनीकरण गर्न स्वदेशी युवाशक्तिलाई आवश्यक तालिम तथा प्राविधिक ज्ञान प्रदान गरी स्वदेशमै रोजगारीको अवसर सृजना गर्नु आवश्यक छ ।

- विशेष आर्थिक क्षेत्रको स्थापना गर्ने, विद्यमान श्रम ऐनको आवश्यक परिमार्जन गर्ने एवम् औद्योगिक कोरीडोरहरुमा आवश्यक पूर्वाधारको विकास गर्ने जस्ता कार्य समेत चुनौतीको रुपमा रहेका छन् ।

## ४.३ सेवा क्षेत्र

- पर्यटकीय क्षेत्रमा पर्यटन सूचना केन्द्र एवम् स्तरीय होटल तथा रेष्टुरेण्टको स्थापना, यातायात तथा सञ्चार सुविधाको उपलब्धता लगायतका अत्यावश्यक पूर्वाधारहरुको विकास तथा विस्तार गरी अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार समेतको माध्यमबाट थप पर्यटकहरु आकर्षित गर्ने एवम् पर्यटकहरुको बसाई अवधी लम्ब्याउने जस्ता चुनौतीहरु रहेका छन् ।

- भौगोलिक तथा साँस्कृतिक विविधताको प्रवर्द्धन तथा तिनको अधिकतम उपयोगका साथै ऐतिहासिक पर्यटकीय स्थलहरुको संरक्षण तथा संबर्द्धन मार्फत पर्यटन क्षेत्रलाई रोजगारी सृजना तथा विदेशी मुद्रा आर्जनको भरपर्दो स्रोतको रुपमा विकास गर्न सकिने देखिन्छ ।

- ग्रामीण भेगमा वित्तीय सेवाको विस्तार गर्दै वित्तीय साक्षरता अभियानलाई गाउँ गाउँसम्म पुऱ्याई वित्तीय सेवाको पहुँच अभिवृद्धि गर्नु आवश्यक छ ।

- कृषि र उद्योग लगायत उत्पादनशील क्षेत्रमा पर्याप्त कर्जा प्रवाह हुन नसकी यथेष्ट लगानी हुन नसकेको अवस्था छ । यसको निमित्त स्थानीय स्तरमा संकलित वित्तीय श्रोतको उपयोग यथासंभव स्थानीय स्तरमै गराउने व्यवस्था गर्नु उपयुक्त हुनेछ ।

- बचत तथा ऋण सहकारी संस्थाहरुको संख्यात्मक उपस्थिति र कारोबारमा वृद्धिसंगै विभिन्न समस्याहरु समेत सृजना भइरहेको छ । यस परिप्रेक्ष्यमा त्यस्ता संस्थाहरुलाई नियमित रुपमा असल (Prudent) नियमन, निरीक्षण र सुपरिवेक्षणको दायरामा ल्याउनु पर्ने देखिन्छ ।

## ४.४ पूर्वाधार क्षेत्र

- सडक, विद्युत र सञ्चार जस्ता पूर्वाधारको विकास तथा विस्तार गरी देशका सबै जिल्ला सदरमुकाम लगायत दुर्गम क्षेत्रसम्म यस्ता पूर्वाधारहरु पुऱ्याउने, निजी लगानीकर्ताहरुलाई आकर्षित गर्ने, पूर्वाधार निर्माणसँग सम्वन्धित विभिन्न निकायहरु बीच समन्वय कायम गर्ने एवम् यस्ता पूर्वाधारहरुको निर्माण तथा मर्मत कार्यमा पारदर्शिता, प्रभावकारीता र गुणस्तरीयता कायम गर्ने चुनौतीहरु रहेका छन् ।

- ग्रामीण क्षेत्रमा विस्तारित अधिकांश सडकहरु कच्ची रहेकोले बर्षातको समयमा यातायात संचालनमा कठिनाई हुने गरेको तथा कतिपय अवस्थामा पर्याप्त अध्ययन नगरी सडक विस्तारको कार्य भएबाट नकारात्मक वातावरणीय प्रभाव समेत पर्ने देखिएको छ । यस सन्दर्भमा सो प्रभावलाई न्यूनीकरण गर्दै सडक जस्तो आधारभूत ग्रामीण पूर्वाधारको विकास तथा विस्तार गर्ने तर्फ प्रभावकारी कदम चाल्नुपर्ने देखिन्छ ।

- देशमा पर्याप्त विद्युत उत्पादनको संभावनाको वावजुद यथेष्ट लगानीको अभाव, प्राविधिक जटिलता तथा स्थानीय जनसमुदायबाट आउने अनावश्यक दवाव जस्ता समस्याहरु सम्बोधन गरी विद्युत अयोजनाहरुको निर्माण तोकिएको समयमानै सम्पन्न गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

***